# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०   संख्याः १८   मितिः २०८३।४।२५**

**भागः २**

**गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# उत्कृष्ट सञ्चारकर्मी छनौट तथा पुरस्कार वितरण कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले उत्कृष्ट सञ्चारकर्मी छनौट तथा पुरस्कार वितरण कार्यविधि, २०८३ जारी गरेको छ ।

**गुराँस गाउँपालिका**

**उत्कृष्ट सञ्चारकर्मी छनौट तथा पुरस्कार वितरण कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०४/२२

प्रमाणीकरण मितिः२०८३/०४/२५

**प्रस्तावना:**

गुराँस गाउँपालिका क्षेत्रभित्र सुशासन, पारदर्शिता, विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, मौलिक संस्कृति, पर्यटन तथा सामाजिक रूपान्तरणका क्षेत्रमा सञ्चार माध्यमबाट प्रभावकारी योगदान पुऱ्याउने सञ्चारकर्मीहरूलाई प्रोत्साहित तथा पुरस्कृत गर्नका लागि वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी प्रणाली स्थापना गर्न वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**परिच्छेद–१: प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका उत्कृष्ट सञ्चारकर्मी छनौट तथा पुरस्कार वितरण कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"अध्यक्ष"** भन्नाले गुराँस गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गुराँस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले दफा ६ बमोजिम गठित पुरस्कार छनौट समिति सम्झनु पर्छ।

(च) **"सञ्चारकर्मी"** भन्नाले कुनै दर्तावाल छापा, रेडियो, टेलिभिजन वा अनलाइन सञ्चार माध्यममा कार्यरत वा स्वतन्त्र रूपमा पत्रकारिता गर्दै आएका पत्रकार, सम्पादक वा प्रतिवेदनकर्ता (रिपोर्टर) सम्झनु पर्छ।

(छ) **"सञ्चार माध्यम"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका पत्रपत्रिका, एफ.एम. रेडियो, टेलिभिजन र सूचीकृत अनलाइन समाचार पोर्टल सम्झनु पर्छ।

## परिच्छेद–२: पुरस्कारको व्यवस्था र राशि

**३. पुरस्कारको स्थापना:** गुराँस गाउँपालिकाले पालिकाको प्रवर्द्धन र सुशासनका लागि सञ्चार क्षेत्रबाट पुऱ्याइएको योगदानको कदर गर्दै देहाय बमोजिमका पुरस्कारहरूको स्थापना र वितरण गर्नेछ:

- **उत्कृष्ट सञ्चारकर्मी पुरस्कार (प्रथम):** नगद रु. ३०,०००/- (तिस हजार), ताम्रपत्र र दोसल्ला।
- **उत्कृष्ट सञ्चारकर्मी पुरस्कार (द्वितीय):** नगद रु. २०,०००/- (बीस हजार), प्रशंसापत्र र दोसल्ला।
- **उदीयमान/उत्साही पत्रकारिता पुरस्कार (विधागत):** नगद रु. १०,०००/- (दश हजार), प्रशंसापत्र र दोसल्ला।

**४. पुरस्कार प्रदान गरिने समय:** यो पुरस्कार प्रत्येक वर्ष गाउँपालिकाको स्थापना दिवस, गाउँ सभाको वार्षिक बैठक वा गाउँपालिकाले तय गरेको विशेष समारोहका दिन प्रदान गरिनेछ।

**५. बजेटको व्यवस्था:** पुरस्कारको राशि, प्रशंसापत्र, छनौट समितिको बैठक भत्ता तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था गरिनेछ।

## परिच्छेद–३: छनौट समितिको गठन र काम, कर्तव्य

**६. पुरस्कार छनौट समितिको गठन:** उत्कृष्ट सञ्चारकर्मी छनौट प्रक्रियालाई निष्पक्ष, वस्तुनिष्ठ र पारदर्शी बनाउन देहाय बमोजिमको एक छनौट समिति गठन गरिनेछ:

- **संयोजक:** प्रमुख प्रशासकीय अधिकृत (वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि)
- **सदस्य**: शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख – १ जना
- **सदस्य:** नेपाल पत्रकार महासंघ (जिल्ला शाखा दैलेख) को अध्यक्ष वा प्रतिनिधि – १ जना
- **सदस्य:** पत्रकारिता/सञ्चार क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएको विज्ञ – १ जना
- **सदस्य–सचिव:** गाउँपालिकाको सूचना अधिकारी – १ जना

**७. छनौट समितिको काम, कर्तव्य र अधिकार:**

(१) पुरस्कारका लागि आवेदन/सिफारिस आह्वान गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने।

(२) प्राप्त आवेदन तथा समाचार/रिपोर्टहरूको मूल्याङ्कन गर्ने।

(३) आवश्यक परेमा आवेदक सञ्चारकर्मीसँग साक्षात्कार गर्ने वा थप प्रमाण माग गर्ने।

(४) अनुसूची–१ मा तोकिएको मूल्याङ्कन आधारका आधारमा अङ्क प्रदान गरी उत्कृष्ट सञ्चारकर्मीको नाम कार्यपालिका समक्ष सिफारिस गर्ने।

(५) छनौट प्रक्रिया सम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित राख्ने।

**<u>८. पुरस्कार सिफारिसको आधारः</u>** (१) समितिले पुरस्कारका लागि सञ्चारकर्मीको नाम सिफारिस गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पत्रकारिता पेशामा आवद्ध भई गुराँस गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक विकासमा अनुसन्धानमूलक लेख, रचना वा श्रव्य दृश्य कार्यक्रमको माध्यमबाट गुराँस गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुयाएको,

(ग) गुराँस गाउँपालिकामा रहेका विभिन्न जात, जाति, भाषा, धर्म, लिङ्ग, समुदाय, सम्प्रदाय र भूगोलका नागरिक बीच शान्ति, विविधता बीचको एकता र सद्भावको अभिवृद्धि गर्न खोजमूलक तथा विधागत क्षेत्रमा काम गरेको,

(घ) गुराँस गाउँपालिकामा देखिएका सामाजिक समस्या, कुप्रथा, कुरीति, विकृतिको अन्त्य गर्ने विषयमा लेख रचना प्रकाशन गरी सामाजिक अभियानमा पत्रकारिताको माध्यमबाट सहयोग पुयाएको,

(ङ) गुराँस गाउँपालिकाको वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनको क्षेत्रमा सूचना सङ्कलन तथा सम्प्रेषण गरी सहयोग पुन्याएको,

(च) पुरस्कार प्राप्त गर्नको लागि पत्रकारिता क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको र खण्ड (ख), (ग), (घ) र (ङ) मध्ये कम्तीमा एक विधाको विवरण झल्किने गरी कम्तीमा सात अङ्क लेख रचना वा श्रव्य दृश्य साम्रगी प्रकाशित वा प्रसारित गरेको,

(छ) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,

(ज) पत्रकारिता आचार संहिता उल्लंघन नगरेको,

(झ) प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारबाही नभएको।

(२) उपदफा (१) बमोजिमका आधारमा गाउँ कार्यपालिकाले मूल्याङ्कनको वस्तुगत मापदण्ड र आधार बनाउनु पर्नेछ।

(३) समितिले पुरस्कार वितरणको लागि प्रत्येक विधामा तिन/तिन जनाका दरले योग्य सञ्चारकर्मीको नाम कार्यगाउँपालिका समक्ष सिफारिस गर्नु पर्नेछ।

## परिच्छेद–४: योग्यता, आवेदन र मूल्याङ्कन प्रक्रिया

**९. सञ्चारकर्मीको योग्यता:** पुरस्कारका लागि आवेदन दिन सञ्चारकर्मीले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ:

- नेपाली नागरिकता प्राप्त गरेको।
- प्रचलित कानून बमोजिम दर्ता भएका सञ्चार माध्यममा कम्तीमा ३ वर्षदेखि निरन्तर पत्रकारिता क्षेत्रमा क्रियाशील रहेको।
- विगत १ वर्षभित्र गुराँस गाउँपालिकाको विकास, सुशासन, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, बजेट कार्यान्वयन वा सामाजिक रूपान्तरण सम्बन्धी विषयमा कम्तीमा ५ वटा खोजमूलक/मूख्य समाचार वा आलेख वा भिडियो प्रतिवेदन तयार गरी प्रकाशन/प्रसारण गरेको।
- कुनै राजनीतिक वा गैर-कानूनी क्रियाकलापमा दोषी ठहर नभएको वा पेशागत आचारसंहिता उल्लङ्घनमा कारबाहीमा नपरेको।
- सोही प्रकृतिको काम गरे बापत गाउँपालिकाबाट कुनै प्रकार भुक्तानी वा सुबिधा नलिएको ।

**१०. आवेदन दिने प्रक्रिया:**

(१) गाउँपालिकाले पुरस्कारका लागि कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्नेछ।

(२) इच्छुक सञ्चारकर्मीले देहायका कागजात संलग्न गरी तोकिएको ढाँचामा (अनलाइन वा कार्यालयमा उपस्थित भई) आवेदन दिनुपर्नेछ:

- अनुसूची-२ बमोजिमको आवेदन फारम।
- नागरिकताको प्रतिलिपि र हालै खिचेको फोटो।
- सम्बन्धित सञ्चार माध्यमको सिफारिस वा परिचयपत्रको प्रतिलिपि।
- प्रकाशित/प्रसारित सामग्रीको लिंक, कटिङ वा अडियो/भिडियो प्रतिलिपि।

**११. मूल्याङ्कनका आधार र अङ्क विभाजन:** सञ्चारकर्मीको चयन कुल १०० अङ्कको आधारमा गरिनेछ, जसको विभाजन देहाय बमोजिम हुनेछ:

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र / आधार | अधिकतम अङ्क |
|---|---|---|
| १ | **विषयवस्तुको सान्दर्भिकता:** (गुराँस गाउँपालिकाको सुशासन, विकास, कृषि, पर्यटन, संस्कृति, विपद् व्यवस्थापन वा वातावरण संरक्षण आदि) | २५ |
| २ | **सञ्चार सामग्रीको प्रभावकारिता र खोजमूलकता:** (तथ्य, अनुसन्धान र प्रभाव) | ३० |
| ३ | **पत्रकारिताको अनुभव र निरन्तरता:** (पत्रकारितामा बिताएको समय र क्रियाशीलता) | १५ |
| ४ | **पेशागत आचारसंहिता र साख:** (निष्ठा, निष्पक्षता र मर्यादा) | १० |
| ५ | **सञ्चार माध्यमको पहुँच र प्रभाव:** (स्थानीय, प्रादेशिक वा राष्ट्रिय स्तरको पहुँच) | १० |
| ६ | **छनौट समितिको अन्तर्वार्ता/समग्र मूल्याङ्कन:** | १० |
| **जम्मा** | | **१००** |

## परिच्छेद–५: अयोग्यता, रद्द र निर्णय

**१२. अयोग्य मानिने अवस्था:** देहायका व्यक्ति वा सामग्री पुरस्कारका लागि अयोग्य मानिनेछन्:

- गाउँपालिकामा कार्यरत बहालवाला कर्मचारी वा निर्वाचित प्रतिनिधि।
- छनौट समितिका पदाधिकारी वा निजका नजिकका नातेदार।
- कपिपेस्ट, भ्रामक, तथ्यहीन वा आचारसंहिता विपरीतका प्रकाशित/प्रसारित सामग्री।
- तोकिएको म्याद नाघी प्राप्त भएका आवेदन।

**१३. निर्णय र अनुमोदन:**

(१) समितिले मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सञ्चारकर्मीलाई पुरस्कारका लागि कार्यपालिकामा सिफारिस गर्नेछ।

(२) समितिको सिफारिसलाई गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरेपछि निर्णय अन्तिम हुनेछ।

**१४. पुरस्कार रद्द गर्न सकिने:** पुरस्कार प्राप्त गरिसकेपछि पनि यदि सञ्चारकर्मीले पेस गरेको सामग्री गलत, चोरी गरिएको (Plagiarized) वा कपटपूर्ण ठहरिएमा कार्यपालिकाले दिएको पुरस्कार फिर्ता लिने वा रद्द गर्ने निर्णय गर्न सक्नेछ।

## परिच्छेद–६: विविध

**१५. कार्यविधि संशोधन:** यस कार्यविधिमा संशोधन गर्नु परेमा गाउँ कार्यपालिकाको बहुमतले संशोधन गर्न सक्नेछ।

**१६. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

## अनुसूची-१: मूल्याङ्कन फारम ढाँचा

*(छनौट समितिले प्रयोग गर्ने गोपनीय मूल्याङ्कन फारम)*

**आवेदकको नाम:**

**सञ्चार माध्यम:**

**सञ्चार सामग्रीको शीर्षक:**

**(क) मूल्याङ्कन तालिका:**

| क्र.सं. | सूचक | पूर्णाङ्क | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | गुराँस गाउँपालिकासँगको विषयगत सान्दर्भिकता | २५ | | |
| २ | खोजमूलकता, तथ्य र सामाजिक प्रभाव | ३० | | |
| ३ | अनुभव र निरन्तरता | १५ | | |
| ४ | आचारसंहिता र पेशागत निष्ठा | १० | | |
| ५ | सञ्चार माध्यमको पहुँच/स्तर | १० | | |
| ६ | समितिको मूल्याङ्कन/अन्तर्वार्ता | १० | | |
| **जम्मा** | | **१००** | | |

**मूल्याङ्कनकर्ताको नाम:**

**पद/भूमिका:**

**दस्तखत:**

**मिति:**

## अनुसूची-२: आवेदन फारम ढाँचा

श्री संयोजकज्यू,

उत्कृष्ट सञ्चारकर्मी पुरस्कार छनौट समिति,

गुराँस गाउँपालिका, रानीमत्ता, दैलेख।

**विषय: उत्कृष्ट सञ्चारकर्मी पुरस्कारका लागि आवेदन।**

महोदय,

गुराँस गाउँपालिकाद्वारा प्रकाशित उत्कृष्ट सञ्चारकर्मी पुरस्कार सम्बन्धी सूचना बमोजिम आवश्यक विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेस गरेको छु।

**१. व्यक्तिगत विवरण:**

- **नाम, थर:**
- **स्थायी ठेगाना:**
- **हालको ठेगाना:**
- **सम्पर्क नं.:**
- **इमेल:**

**२. पेशागत विवरण:**

- **सञ्चार माध्यमको नाम:**
- **सञ्चार माध्यमको प्रकार:** (छापा / रेडियो / टेलिभिजन / अनलाइन)
- **पद/जिम्मेवारी:**
- **पत्रकारितामा क्रियाशील अवधि (वर्ष):**

**३. गुराँस गाउँपालिकासँग सम्बन्धित प्रकाशित/प्रसारित मुख्य सामग्रीहरूको विवरण:**

| क्र.सं. | समाचार/सामग्रीको शीर्षक | प्रकाशन/प्रसारण मिति | सञ्चार माध्यम | वेब लिङ्क (यदि भएमा) |
|---|---|---|---|---|
| १ | | | | |

| क्र.सं. | समाचार/सामग्रीको शीर्षक | प्रकाशन/प्रसारण मिति | सञ्चार माध्यम | वेब लिङ्क (यदि भएमा) |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |

**संलग्न कागजातहरू:**

१. नागरिकताको प्रतिलिपि

२. सञ्चार माध्यमको प्रेस पास/सिफारिस पत्र

३. प्रकाशित/प्रसारित सामग्रीको कटिङ, अडियो/भिडियो क्लिप वा लिङ्क

**घोषणा:**

माथि उल्लेखित सम्पूर्ण विवरण र संलग्न कागजातहरू सत्य एवं तथ्यमा आधारित छन्। गलत ठहरेमा कानून बमोजिम सहन तयार छु।

- **निवेदकको दस्तखत:**
- **मिति:**

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत